नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : ०७७/०७८ चलानी नं. : २६२

मितिः- २०७७/१०/२१

**विषय : सडक पहिचान गरी पठाउने सम्वन्धी सूचना सम्वन्धमा ।**

श्री स्थानीय तह (सम्वन्धित सवै) ।

यस मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विभाग, प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम, कार्यक्रम समन्वय ईकाई, ललितपुरबाट २०७७।१०।२१ गतेको गोरखापत्र दैनिकमा प्रकाशित "सडक पहिचान गरी पठाउने सम्वन्धी सूचना" र फारामको ढाँचा यसैसाथ संलग्न छ । सो बमोजिम सडक छनौट कार्य तोकिएको समयभित्रै सम्पन्न गरी तोकिएको निकायमा पठाउने ब्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

नोटः प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७, मन्त्रालयको Website बाट download गर्न सकिने छ ।

१०।२२

(गोविन्द के.सी.)
**शाखा अधिकृत**

वोधार्थ
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय : मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय पूर्वाधार विभाग

**प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम**

कार्यक्रम समन्वय इकाई, ललितपुरको

मिति २०७७।१०।२१ को गोरखापत्र र कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित सूचना

# सडक पहिचान गरी पठाउने सम्बन्धी सूचना

प्रकाशित मितिः २०७७/१०/२१

स्थानीय तहको केन्द्रसम्म गुणस्तरीय तथा सुरक्षित सडक सञ्जालको विस्तार गरी स्थानीय तहबाट प्रवाह हुने सेवासम्म जनताको सहज पहुँच पुऱ्याउने, रोजगारी सिर्जना गर्ने, साथै आर्थिक र सामाजिक रुपान्तरणमा सहयोग पुऱ्याउने लक्ष्यका साथ स्थानीय पूर्वाधार विभाग अन्तर्गत आ. व. २०७६।७७ देखि **"प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम"** लागू भएको छ । सङ्घ, प्रदेश र स्थानीय तहको लागत सहभागितामा सञ्चालन हुने यस कार्यक्रमका लागि **"प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"** नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०९/१० को निर्णयबाट स्वीकृत भएको छ । **हालसम्म पक्की सडक मार्फत राष्ट्रिय सडक सञ्जाल तथा प्रदेश राजधानीसँग नजोडिएका** स्थानीय तहले आफ्नो केन्द्र जोड्ने एउटा सडक उक्त कार्यविधिको दफा ३ बमोजिम पहिचान गरी स्थानीय तहको कार्यपालिकाको निर्णय सहित यो सूचना प्रकाशन भएको मितिले १० (दश) दिनभित्र संलग्न फाराम भरी स्थानीय पूर्वाधार विभाग मातहत प्रदेश तहमा स्थापना भएका स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयमा पठाउनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. कार्यविधिको दफा ३ बमोजिम स्थानीय तहले सडक पहिचान गर्दा लिनुपर्ने आधारहरुः

(क) पहिचान गरिएको सडक सहज, छोटो, सुरक्षित र कम लागत लाग्ने,

(ख) प्रदेश यातायात गुरुयोजना र गाउँ/नगर यातायात गुरुयोजना तयार भएको भए सो को प्राथमिकतामा परेको,

(ग) तुलनात्मक रुपमा उच्च प्रतिफल प्राप्त हुने र अधिकतम जनसमुदायलाई सेवा पुग्ने,

(घ) सामाजिक, वातावरणीय तथा भौगर्भिक दृष्टिकोणले उपयुक्त देखिएको,

(ङ) सडकको अधिकार क्षेत्र स्पष्ट भैसकेको र पछि कार्यान्वयनमा जाँदा कुनै किसिमको बाधा-अवरोध नआउने,

(च) सडकले ओगट्ने जग्गाका जग्गाधनीले निःशुल्क रुपमा जग्गा उपलब्ध गराउन तयार रहेको ।

२. आयोजना छनौट समितिले कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिमका आधारमा आयोजना छनौट गर्नेछ ।

कार्यक्रम सम्बन्धी थप जानकारीको लागि सम्बन्धित स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय वा प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम, कार्यक्रम समन्वय इकाई, ललितपुरमा सम्पर्क राख्नु हुन अनुरोध छ । साथै प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ र स्थानीय तहले सडक पहिचान गरी पठाउँदा प्रयोग गर्नुपर्ने फाराम विभागको वेबसाईट **www.doli.gov.np** र मन्त्रालयको वेबसाईट **www.mofaga.gov.np** मा प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

**सम्पर्क फोन नं.:- ०१-५५५५००१, ०१-५५४३१९७, ०१-५५४९७३४**

**सम्पर्क तथा पत्राचार गर्ने इमेल ठेगानाः**

info@doli.gov.np, planningsection@doli.gov.np, monitoring.dolidar@gmail.com.

**स्थानीय पूर्वाधार विभाग**

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार विभाग

# प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम

कार्यक्रम समन्वय इकाई, ललितपुर

## स्थानीय तहले सडक पहिचान गरी पठाउँदा भर्नुपर्ने फाराम

स्थानीय तहको नामः

| सडकको नाम | सडक शुरु हुने स्थान (गा.पा./न.पा., वडा नं. र स्थान) | सडक अन्त्य हुने स्थान (गा.पा./न.पा., वडा नं. र स्थान) | सडकको लम्बाई - अन्दाजी (कि.मी.) | सडक रेखाङ्कनमा पर्ने मुख्य स्थानहरु | सडक रेखाङ्कनमा पर्ने नदी/खोलाहरु | सडक निर्माण/सञ्चालनमा मुख्य अवरोध (केही भए) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

<u>उल्लिखित सडकको हालको अवस्था</u>

१. ट्र्याक खोल्नै बाँकी खण्ड ..................... कि.मी.
२. धुले सडक खण्ड ..................... कि.मी.
३. ग्राभेल सडक खण्ड ..................... कि.मी.
४. पक्की सडक खण्ड ..................... कि.मी.
५. अन्य (खुलाउने) ..................... कि.मी.

# प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि,२०७७

स्थानीय तहको केन्द्रलाई प्रदेश राजधानीसम्म पक्की सडकले जोड्नका लागि सञ्चालन गरिने प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रूपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७७ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना" भन्नाले प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम अन्तर्गत सञ्चालन हुने सडक आयोजना सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सम्झनु पर्छ।

(ग) "कार्यक्रम समन्वय इकाई" भन्नाले दफा १५ बमोजिमको कार्यक्रम समन्वय इकाई सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले विभाग अन्तर्गत प्रदेशमा रहेको स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय सम्झनु पर्छ।

(ङ) "पक्की सडक" भन्नाले कालोपत्रे वा रिजिड पेभमेन्ट भएको सडक सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(छ) "मर्मत सम्भार" भन्नाले सडकको दिगोपना कायम गर्नका लागि गरिने नियमित, पटके, आवधिक, विशेष र आपतकालीन मर्मत सम्भार कार्य सम्झनु पर्छ।

(ज) "विभाग" भन्नाले स्थानीय पूर्वाधार विभाग सम्झनु पर्छ।

(झ) "विस्तृत आयोजना प्रतिवेदन" भन्नाले निर्माण गरिने सडकको विस्तृत ईञ्जिनियरिङ्ग प्रतिवेदन (सर्वेक्षण, माटो परीक्षण, डिजाइन, नक्शा, लागत अनुमान र स्पेसिफिकेशन) र सडक प्रभावित क्षेत्रको सामाजिक तथा वातावरणीय अध्ययन सहित लाभ-लागत विश्लेषण समेत गरी कार्यान्वयनका लागि तयार गरिएको आयोजना प्रतिवेदन सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद

## आयोजनाको पहिचान, छनौट र प्राथमिकीकरण

३. <u>आयोजना पहिचान</u>: (१) पक्की सडक मार्फत राष्ट्रिय सडक सञ्जाल तथा प्रदेश राजधानीसँग नजोडिएका स्थानीय तहले आफ्नो केन्द्र जोड्ने एउटा सडक पहिचान गरी स्थानीय तहको कार्यपालिकाको निर्णय सहित सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले सडक पहिचान गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) सहज, छोटो, सुरक्षित र कम लागत लाग्ने,

(ख) प्रदेश यातायात गुरु योजना वा नगर यातायात गुरुयोजना तयार भएको भए सोको प्राथमिकतामा परेको,

(ग) तुलनात्मक रुपमा उच्च प्रतिफल प्राप्त हुने र अधिकतम जनसमुदायलाई सेवा पुग्ने,

(घ) सामाजिक, वातावरणीय तथा भौगर्भिक दृष्टिकोणले उपयुक्त देखिएको,

(ङ) सडकको अधिकारक्षेत्र स्पष्ट भइसकेको र पछि कार्यान्वयनमा जाँदा कुनै किसिमको बाधा-अवरोध नआउने,

(च) सडकले ओगट्ने जग्गाका जग्गाधनीले निःशुल्क रुपमा जग्गा उपलब्ध गराउन तयार रहेको।

(३) उपदफा (१) को प्रयोजनको लागि कार्यक्रम समन्वय इकाईले सडक पहिचान गरी पठाउन समयसीमा तोकी स्थानीय तहलाई पत्राचार गर्नेछ।

४. <u>आयोजनाको छनौट तथा स्वीकृति</u> : (१) दफा ३ बमोजिम पहिचान भएका सडकको प्राविधिक सम्भाव्यताको आधारमा आयोजना छनौट गर्ने प्रयोजनको लागि कार्यालयले सूची तयार गरी दफा १२ बमोजिमको आयोजना छनौट समितिमा पठाउनेछ।

(२) उपदफा (१) बमोजिम तयार सूचीमध्येबाट आयोजना छनौट समितिले देहायका आधारमा सडक आयोजना छनौट गर्नु पर्नेछः-

(क) स्थानीय तहले दफा ३ को उपदफा (२) बमोजिम सडक आयोजनको पहिचान गरे वा नगरेको,

(ख) एउटा सडक रेखाङ्कनले एकभन्दा बढी स्थानीय तहलाई समेट्न सक्ने सम्भावना,

(ग) भौगोलिक सन्तुलन,

(घ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयनमा रहेका आयोजनासँग दोहोरोपना नहुने।

(३) स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही उपदफा (२) बमोजिम छनौट गरिएका सडक आयोजनाको स्वीकृति कार्यालय प्रमुखले गर्नेछ ।

(४) उपदफा (३) बमोजिम आयोजना स्वीकृत भएपछि कार्यालयले सोको जानकारी मन्त्रालय, सम्बन्धित प्रदेश सरकार र स्थानीय तह एवम् कार्यक्रम समन्वय इकाईमा पठाउनु पर्नेछ।

५. <u>सडक निर्माणको प्राथमिकताः</u> दफा ४ बमोजिम स्वीकृत आयोजनामध्येबाट देहायका प्राथमिकताका आधारमा कार्यालयले सडक निर्माण कार्य सञ्चालन गर्नु पर्नेछः-

(क) नयाँ ट्र्याक खोल्नु पर्ने,

(ख) पक्की गर्नु पर्ने कच्ची र खण्डास्मिथ सडक,

(ग) खण्ड (क) वा (ख) मा उल्लिखित सडकको रेखाङ्कनमा पर्ने सडक पुल।

६. <u>सडक निर्माण गर्दा ध्यान दिनु पर्नेः</u> (१) सडक निर्माण गर्दा सडकको चौडाई (क्यारिज व विड्थ) सात मिटर हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सडक निर्माण गरिने क्षेत्रको धरातलीय स्वरुप र भौगोलिक तथा भौगर्भिक अवस्था, पहिरो जाने सम्भावना र वन क्षेत्र विनाश हुने अवस्था समेतलाई ध्यानमा राखी सडकको चौडाई तीन दशमलव सात पाँच मिटरभन्दा कम नहुने गरी सात मिटरभन्दा कम हुन सक्नेछ ।

(३) सडक निर्माण कार्यको खरिद गर्दा न्यूनतम दुई वर्षको कार्य सम्पादनमा आधारित मर्मत पद्धति अवलम्वन गर्नु पर्नेछ।

(४) सडक निर्माण गर्दा नेपाल सरकारबाट स्वीकृत सडक मापदण्ड तथा पुल मापदण्डको पालना गर्नु पर्नेछ ।

## परिच्छेद -३

## <u>कार्यक्रम कार्यान्वयन विधि</u>

७. <u>विस्तृत आयोजना प्रतिवेदनः</u> (१) दफा ४ को उपदफा (३) बमोजिम स्वीकृत आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन कार्यालयले तयार गरी स्वीकृत गर्नेछ।

(२) यो कार्यविधि प्रारम्भ हुनुअघि स्थानीय तहको केन्द्र जोड्ने गरी स्थानीय तह, प्रदेश सरकार तथा अन्य निकायबाट तयार भएका विस्तृत आयोजना प्रतिवेदनलाई दफा ६ को अधिनमा रही कार्यालयले अद्यावधिक गर्नेछ।

(३) विस्तृत आयोजना प्रतिवेदन तयार गर्न वा अद्यावधिक गर्न कार्यालयले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम आवश्यकता अनुसार परामर्श सेवा खरिद गर्न सक्नेछ।

८. <u>आयोजना कार्यान्वयनको जिम्मेवारी</u> : (१) दफा ४ का उपदफा (३) बमोजिम वार्षिक कार्यक्रममा समावेश भएका आयोजनाको कार्यान्वयन गर्ने जिम्मेवारी कार्यालयको हुनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि कार्यालयले प्रदेश र स्थानीय तहसँग समन्वय गरी प्रदेश र स्थानीयं तहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई आवश्यकता अनुसार परिचालन गर्न सक्नेछ।

९. **प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकासः** स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही कार्यालयले कार्यक्रम अन्तर्गत पूर्वाधार निर्माण सम्बन्धी विषयमा प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास सम्बन्धी कार्यक्रम समेत सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद-४
## संस्थागत व्यवस्था र जिम्मेवारी

१०. **कार्यक्रम निर्देशक समितिः** (१) कार्यक्रम कार्यान्वयनमा समन्वय तथा सहजीकरण गर्न देहाय बमोजिमको कार्यक्रम निर्देशक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष
(ख) सह-सचिव (पूर्वाधार विकास महाशाखा), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
(ग) सह-सचिव, राष्ट्रिय योजना आयोग - सदस्य
(घ) सह-सचिव, मन्त्रालय (योजना तथा विकास सहायता समन्वय महाशाखा) - सदस्य
(ङ) सह-सचिव, अर्थ मन्त्रालय - सदस्य
(च) सह-सचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य
(छ) सह-सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - सदस्य
(ज) सह-सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य
(झ) महानिर्देशक, विभाग - सदस्य
(ञ) कार्यक्रम संयोजक - सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार विषयगत विज्ञ वा पदाधिकारी वा विकास साझेदार संस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक वर्षमा कम्तीमा एक पटक बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) कार्यक्रम समन्वय इकाईले कार्यक्रम निर्देशक समितिको सचिवालयको रुपमा काम गर्नेछ।

११. <u>कार्यक्रम निर्देशक समितिको काम कर्तव्य र अधिकार</u>: कार्यक्रम निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नीति निर्देशन दिने,

(ख) कार्यक्रम कार्यान्वयनमा आवश्यक समन्वय, सहजीकरण, अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको क्रममा देखा परेका समस्या समाधान गर्ने तथा मार्गनिर्देश गर्ने।

१२. <u>आयोजना छनौट समिति</u>: (१) दफा ४ बमोजिम आयोजना छनौट गर्न प्रदेशस्तरमा देहाय बमोजिमको आयोजना छनौट समिति रहनेछः-

(क) प्रमुख, कार्यालय - संयोजक

(ख) प्रदेश सरकारको भौतिक पूर्वाधार हेर्ने मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, आयोजना प्रस्ताव गर्ने स्थानीय तह - सदस्य

(२) आयोजना छनौट समितिले दफा ४ को उपदफा (२) मा तोकिएका आधारमा आयोजना छनौट गरी सिफारिस गर्नुपर्नेछ।

(३) आयोजना छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. <u>कार्यक्रम संयोजक</u> : मन्त्रालयले कार्यक्रम कार्यान्वयनको लागि विभाग अन्तर्गत कार्यरत नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूहको राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीलाई कार्यक्रम संयोजक तोक्नेछ ।

१४. <u>विभागको काम, कर्तव्य र अधिकार</u>: कार्यक्रमको कार्यान्वयनको लागि विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सडक आयोजनाको प्राथमिकीकरण र छनौटमा समन्वय तथा सहजीकरण गर्ने,

(ख) कार्यक्रम समन्वय इकाईबाट प्राप्त खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(ग) कार्यक्रमको बजेट व्यवस्थापनमा समन्वय तथा सहजीकरण गर्ने,

(घ) कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(ङ) आयोजनाको गुणस्तर कायम गर्न आवश्यक पर्ने मापदण्ड तयार गरी लागू गर्ने गराउने,

(च) कार्यक्रम समन्वय इकाइलाई आवश्यक नीति, निर्देशन दिने,

(छ) निर्माण सम्पन्न भएको सडक सम्बन्धित प्रदेश वा स्थानीय तहलाई हस्तान्तरण गर्ने,

(ज) कार्यक्रम निर्देशक समितिले तोके बमोजिमका अन्य कार्य गर्ने।

१५. <u>कार्यक्रम समन्वय इकाईः</u> (१) कार्यक्रमको समन्वय तथा सहजीकरणको लागि विभागमा कार्यक्रम समन्वय इकाई रहनेछ।

(२) कार्यक्रम समन्वय इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमका लागि वार्षिक बजेट तर्जुमा, खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गरी पेश गर्ने,

(ख) कार्यक्रमको एकीकृत लेखा तथा आर्थिक विवरण तयार गर्ने,

(ग) कार्यालयका लागि आवश्यक पर्ने निर्माण कार्य, परामर्श सेवा र मालसामान खरिद सम्बन्धी नमूना कागजात उपलब्ध गराउने,

(घ) कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा कम्प्लाएन्स मनिटरीङ गर्ने र गुणस्तर कायम गर्न सहयोग तथा सहजीकरण गर्ने,

(ङ) कार्यक्रमको मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा भौतिक र वित्तीय प्रगतिको एकमुष्ट विवरण तयार गरी सम्बन्धित निकायमा पठाउने,

(च) कार्यक्रम कार्यान्वयनका लागि विकास साझेदार संलग्न भएमा सम्झौता बमोजिम सोधभर्ना लगायतका अन्य कार्यहरु गर्ने ।

१६. <u>कार्यालयको काम, कर्तव्य र अधिकारः</u> कार्यक्रम कार्यान्वयनको लागि कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोजनाको पहिचान, छनौट तथा कार्यान्वयनमा आवश्यकता अनुसार प्रदेश, स्थानीय तह र कार्यक्रम समन्वय इकाईसँग समन्वय र सहजीकरण गर्ने,

(ख) कार्यक्रमका लागि आवश्यक वार्षिक बजेट, खरिद गुरुयोजना, वार्षिक खरिद योजना तयार गरी स्वीकृतिका लागि कार्यक्रम समन्वय इकाईमा पठाउने,

(ग) निर्माण कार्यको खरिद व्यवस्थापन गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनमा गुणस्तर कायम गर्ने, सामाजिक तथा वातावरणीय प्रभाव न्यूनीकरण हुने गरी निर्माण कार्य सञ्चालन गर्ने गराउने र कम्प्लाएन्स सुनिश्चितता गर्ने,

(ङ) कार्यक्रमको मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा भौतिक र वित्तीय प्रगतिको विवरणहरु तयार गरी कार्यक्रम समन्वय इकाईमा पठाउने,

(च) आयोजनाको सुपेरिवेक्षण एवं अनुगमन गर्ने,

(छ) कार्यक्रमको सोधभर्नाका लागि आवश्यक विवरण तयार गरी पेश गर्ने,

(ज) कार्यक्रम समन्वय इकाईले तोके बमोजिमका अन्य कार्य गर्ने।

एकनारायण अर्याल
सचिव

## परिच्छेद-[illegible]

## स्रोत परिचालन तथा खर्च व्यवस्थापन

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

१७. **कार्यक्रमको स्रोत परिचालन** : (१) आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको व्यवस्थापन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा हुनेछ।

(२) उपदफा (१) बमोजिम स्रोत व्यवस्थापन गर्दा प्रदेश तथा स्थानीय तहले आफ्नो आन्तरिक श्रोत, राजश्व बाँडफाँट तथा समानीकरण अनुदानबाट व्यहोर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम गरिने लागत साझेदारीको अनुपात आयोजना अन्तर्गत निर्माण हुने सडकको लम्बाईको आधारमा देहाय बमोजिम हुनेछः-

| सडकको लम्बाई | लागत साझेदारीको अनुपात (प्रतिशत) | | |
|---|---|---|---|
| | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह |
| १० कि.मि. सम्म | ६५ | १० | २५ |
| १० कि.मि. भन्दा बढी २० कि.मि. सम्म | ७० | १० | २० |
| २० कि.मि. भन्दा बढी | ७५ | १० | १५ |

तर यो कार्यविधि प्रारम्भ हुँदाका बखत सडक सञ्जाल नपुगेका र निर्माण लागत अत्यधिक भई स्थानीय तहले साझेदारीका लागि स्रोत जुटाउन कठिन हुने १० कि.मि. भन्दा बढी लम्बाई भएका सडकको हकमा आयोजना छनौट समितिको सिफारिसमा नेपाल सरकारले आवश्यक स्रोतको व्यवस्था गर्न सक्नेछ।

(४) आयोजना कार्यान्वयनका लागि सडक अधिकारक्षेत्रभित्रको जग्गा सार्वजनिक सडकको नाममा कायम गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

(५) उपदफा (४) बमोजिम जग्गाको लगत कट्टा र सो जग्गामा रहेको संरचनाको क्षतिपूर्ति सम्बन्धी प्रक्रिया मन्त्रालयले तोके बमोजिम हुनेछ।

१८. **समझदारी पत्रमा हस्ताक्षर गर्ने**: (१) दफा १२ को उपदफा (२) बमोजिम आयोजना छनौट भएपछि आयोजना कार्यान्वयन सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहबीच समझदारी पत्रमा हस्ताक्षर गरिनेछ।

(२) उपदफा (१) बमोजिम समझदारी पत्रमा हस्ताक्षर गर्ने प्रयोजनको लागि स्थानीय तहको हकमा अध्यक्ष वा प्रमुख, प्रदेश र संघको हकमा क्रमशः प्रदेश सरकारको भौतिक पूर्वाधार विकास हेर्ने मन्त्रालय र मन्त्रालयले अख्तियारी दिएको अधिकारीले हस्ताक्षर गर्नेछन् ।

१९. **कोष प्रवाहः** (१) कार्यक्रम कार्यान्वयनका लागि दफा १७ को उपदफा (३) बमोजिम गरिने लागत साझेदारी बापतको रकममध्ये नेपाल सरकारले उपलब्ध गराउने रकम कार्यक्रमको नाममा सालबसाली रुपमा मन्त्रालयको बजेट उपशीर्षकमा विनियोजन गरिनेछ।

(२) प्रदेश तथा स्थानीय तहबाट गरिने लागत साझेदारी बापतको रकम आयोजनाको कार्य प्रगतिको आधारमा कार्यालयलाई चौमासिक रुपमा उपलब्ध गराउनु पर्नेछ।

तर प्रदेश सरकार र स्थानीय तहले आर्थिक वर्ष २०७७/७८ को बजेटबाट लागत साझेदारी वापत व्यहोर्नु पर्ने रकम उपलब्ध गराउन नसक्ने भएमा आर्थिक वर्ष २०७८/७९ को बजेटबाट व्यहोर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराउनु पर्ने रकम उपलब्ध नगराएमा नेपाल सरकार, अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रकमबाट कट्टा गरी कार्यालयको नाममा सोझै निकासा दिनेछ।

२०. खर्च तथा लेखा प्रणाली : (१) कार्यक्रमको खर्च तथा लेखा प्रणाली प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम हुनेछ।

(२) कार्यक्रमको एकीकृत आर्थिक विवरण कार्यक्रम समन्वय इकाईले तयार गर्नेछ।

(३) कार्यक्रम खर्चको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-६

## समन्वय तथा सहजीकरण सम्बन्धी व्यवस्था

२१. मन्त्रालयले सहजीकरण गर्नेः कार्यक्रम कार्यान्वयनमा मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ख) वार्षिक बजेट विनियोजन र खरीद गुरुयोजना स्वीकृत गर्ने,

(ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) अन्तरमन्त्रालय, प्रदेश, स्थानीय तह एवम् विकास साझेदारसँग आवश्यक समन्वय गर्ने।

२२. प्रदेश सरकारको जिम्मेवारीः कार्यक्रम कार्यान्वयनमा प्रदेश सरकारको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहबाट पहिचान भई आएका सडक आयोजनाको छनौटमा सहजीकरण गर्ने,

(ख) आयोजनाका लागि लागत साझेदारी गरिने रकम सुनिश्चित गरी समयमा उपलब्ध गराउने,

(ग) कार्यान्वयनमा रहेका आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) अन्तरस्थानीय तहमा सञ्चालन हुने आयोजनाको छनौट तथा कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण गर्ने।

२३. स्थानीय तहको जिम्मेवारीः कार्यक्रम कार्यान्वयनमा स्थानीय तहको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) दफा ३ बमोजिम आयोजनाको पहिचान गरी पठाउने,

(ख) सडक अधिकारक्षेत्रभित्र पर्ने जग्गा उपलब्ध गराउने,

(ग) आयोजनाका लागि लागत साझेदारी गरिने रकम सुनिश्चित गरी समयमा उपलब्ध गराउने,

(घ) कार्यान्वयनमा रहेको आयोजनाको अनुगमन गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(च) निर्माण सम्पन्न भई हस्तान्तरण भएका सडकको मर्मतसम्भार गर्ने।

## परिच्छेद-७

## विविध

२४. बाधा अड्काउ फुकाउने: यो कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै बाधा उत्पन्न भएमा त्यसको निकासाका लागि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ ।

२५. खारेजी: (१) प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ खारेज गरिएको छ ।

(२) प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

सचिव